छबिसपाथिभेरा गाउँपालिकाको कार्यालय
ज्याँसी, बझाङ

# छबिसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्या: १० मितिः- २०८०।०३।०३

भाग: २

१. विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८०

गाउँकार्यपालिका बाट स्वीकृत मिति :- २०८०।०२।२९

प्रमाणीकरण मिति :- २०८०।०३।०३

राजपत्रमा प्रकाशन मिति :- २०८०।०३।०३

आज्ञाले
गगन बहादुर ऐडी
निमित्त प्रमुख प्रशासकीय अधिकृत

# छबिसपाथिभेरा गाउँपालिका

## विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८०

**प्रस्तावना**

गाउँपालिका भित्र रहेका विद्यालयहरुको शिक्षाको गुणस्तर सुधार गर्न शिक्षक विद्यार्थी अनुपात मिलाउन यस गाउँपालिकाले गाउँ शिक्षा नियमावली,२०७५ को नियम १६ बमोजिम विद्यालय समायोजन वा बन्द गर्ने प्रयोजनको लागि सोहि नियमको खण्ड "ङ" बमोजिम गाउँशिक्षा समितिले बिद्यालय सञ्चालन स्वीकृती बिद्यालय सार्ने गाभ्ने सम्बन्धी राय दिन सक्ने भन्ने व्यवस्था कार्यान्वयन गर्न सोही नियमावलीको नियम २० बमोजिम गाउँपालिकाले शिक्षक दरबन्दी मिलानको तथा शिक्षक सरुवाको मापदण्ड बनाउन सक्ने भन्ने व्यवस्था रहे बमोजिम सो कार्य गर्न तथा बालबिकास केन्द्र देखि माध्यमिक तहसम्मका विद्यालयहरुलाई आवश्यकताका आधारमा एक आपसमा समायोजन र शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान कार्य, सरुवा तथा पदस्थापन गरी विद्यालय शिक्षामा बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक क्रियाकलापहरु प्रभावकारी एवम ब्यवस्थित रुपमा संचालन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छबिसपाथिभेरा गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रराम्भः** यस कार्यबिधिको नाम विद्यालय समायोजन शिक्षक दरबन्दी मिलान कार्यबिधि २०८० रहेको छ।

२. यो कार्यविधि छबिसपाथिभेरा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयको हकमा लागु हुनेछ।

३. यो कार्यविधि छबिसपाथिभेरा गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

४. **परिभाषाः** बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ र शिक्षा ऐन २०२८ लाई सम्झनु पर्दछ।

ख. **"कार्यपालिका"** भन्नाले छबिसपाथिभेरा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. **"शिक्षा नियमावली"** गाउँ शिक्षा नियमावली २०७५ लाई सम्झनु पर्दछ।

घ. **"शिक्षा समिति"** भन्नाले छबिसपाथिभेरा गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ।

ङ. **"दरबन्दी"** भन्नाले नेपाल सरकारद्वारा स्वीकृत स्थायी,अस्थायी दरबन्दिका साथै सो शव्दले राहत अनुदानलाई समेत सम्झनु पर्दछ।

च. **"सामुदायिक विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम स्वीकृति वा अनुमति लिई संचालनमा रहेको नेपाल सरकारद्धारा नियमित अनुदान प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्दछ।

छ. **"गाउँपालिका"** भन्नाले छबिसपाथिभेरा गाउँपालिका सम्झनु पर्दछ।

ज. **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यपक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको ब्यक्ति सम्झनु पर्दछ।

झ. **"विद्यालय ब्यवस्थापन समिति"** प्रचलित कानुन बमोजिम विद्यालय संचालन तथा ब्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्दछ।

ञ. **"दरबन्दी मिलान"** भन्नाले विद्यालय समायोजन तथा तह मिलान भइसकेपछि वा नहुदै विद्यार्थी संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात मिलाउन शिक्षक दरबन्दी पुन: वितरण गर्ने कार्यलाइ बुझिन्छ।

ट. **"विद्यालय समायोजन"** भौगोलिक दुरिका हिसाबले शिक्षामा बालबालिकाको पहुँचको सुचिश्चितता गरी दुई वा दुई भन्दा बढी विद्यालयका कक्षा घटाई, आपासमा गाभि वा विद्यालय बन्द समेत गरि सामुदायिक विद्यालय समायोजन गर्ने कार्यलाई सम्झनु पर्दछ।

परिच्छेद - २

## दरबन्दी मिलानका आधारहरु

५. **शिक्षक दरबन्दी मिलान गर्दा गाउँपालिकाले अवलम्बन गर्ने आधारहरु**

क. शैक्षिक सत्र २०७९ को अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थी संख्या र विद्यालय अनुगमन गरी विद्यार्थी संख्या सत्यापन गर्दा आएको बिवरण बमोजिम कक्षागत विद्यार्थी संख्यालाई प्रयोग गर्ने।

ख.गाउँ शिक्षा नियमावली २०७५ ले हिमाली जिल्लाका लगि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसूची १२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दिको आधार।

ग. विद्यालयमा स्वीकृत दरबन्दिमा कार्यरत स्थायी, अस्थायी, सट्टा, करार र राहत अनुदानमा कार्यरत शिक्षकहरुको संख्यात्मक विवरण तयार पार्ने।

घ. अवधि तोकि काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँछन सोही बिद्यालयको शिक्षकमा गणना गर्ने र अवधि नतोकिएकोमा दरबन्दी जुन विद्यालयमा तोकिएको छ सोही विद्यालयमा गणना गर्ने। यस गाउँपालिकाको क्षेत्रबाट अन्य क्षेत्रमा काजमा गएका शिक्षकहरुलाई तुरुन्त काज फिर्ता गराउने।

ङ. विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा विद्यालयको भौगोलिक अवस्था, एक विद्यालय देखि अर्को विद्यालय सम्मको दुरी, विद्यार्थी संख्या र शिक्षक संख्याको ख्याल गरि समायोजन तथा मिलान गरिने छ।

च. यदि कुनै विद्यालयको माथिल्लो तहमा शिक्षक दरबन्दी अपुग भएको अवस्थामा शैक्षिक योग्यता पुगेका तल्लो तहका शिक्षकलाई त्यस्तो विद्यालयमा दरबन्दी कायम गर्ने।

छ. दरबन्दी मिलान तथा पुन: वितरण गर्दा कुनै विद्यालयमा विद्यार्थी संख्या न्यून भई शिक्षक अर्को विद्यालयमा पठाउनुपर्ने अवस्थामा विद्यार्थी संख्या बढी भएको,शिक्षक दरबन्दी नभएको, शिक्षकलाई 'पाएक पर्ने विद्यालयमा जान स्वत:स्फुर्त निवेदन माग गरिने छ। माग गरिएको विद्यालयहरुमा पनि ब्यवस्थापन गर्न नसकिने अवस्था भएमा नियुक्तिको कनिष्ठताका आधारमा गाउँपालिका भित्रका विद्यार्थी संख्या बढी भएका विद्यालयहरुको सूची तयार गरि विद्यालय छनोट गर्न लगाई गाउँपालिका भरी सकभर पाएक पर्ने सो सम्भव नभए गाउँपालिका भरी जुनसुकै ठाउँमा खटाउन, पदस्थापन गर्न सकिने छ।

ज. माथि उल्लेखित बुँदाहरुमा जुनसुकै कुरा लेखिएको भएपनि गाउँपालिका भित्रका विद्यालयहरु समायोजन तथा दरबन्दी मिलान गर्दा गाउँकार्यपालिकाले गरेको निर्णय अनुसार गाउँपालिका भरिका जुनसुकै विद्यालयमा गएर शिक्षण गर्नु पर्नेछ।

. **तहगत र विद्यालयगत आवश्यक शिक्षक दरबन्दी ब्यवस्था गर्दा लिइने आधारहरु:-**

क. आधारभूत तह (कक्षा १-३) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा

i) भौगोलिक विकटताका आधारमा विद्यालय कायम राख्नुपर्ने वा स्थापना गर्नुपर्ने भएमा १ वटा शिक्षक दरबन्दी कायम गर्ने।

ii) विद्यार्थी संख्या १५ देखि ५० सम्म भएमा २ जना शिक्षक दरबन्दी कायम गर्ने।

iii) विद्यार्थी संख्या ५० भन्दा वढी भएमा ३ वटा शिक्षक दरबन्दी कायम गर्ने र सो भन्दा वढी १०० जना विद्यार्थी संख्या नभएसम्म थप नगर्ने, १०० जना भन्दा वढी विद्यार्थी भएमा १ वटा शिक्षक दरबन्दी थप गर्ने

iv) विद्यार्थी संख्या १५ भन्दा कम भएको विद्यालय भएमा नजिकको विद्यालयमा समायोजन गर्ने। र बालकक्षा मात्र कायम गरी ब्यवस्थित बालकक्षा संचालन गर्ने। बालकक्षा संचालन गर्न कम्तिमा १० जना विद्यार्थी अनिवार्य हुनुपर्नेछ।

ख. आधारभूत तह (कक्षा १-५ ) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा

i) विद्यालयमा न्यूनतम विद्यार्थी संख्या ३१ जना देखि ८० जना सम्म भएमा ३ वटा शिक्षक दरबन्दी कायम गर्ने।

ii) ३० जना भन्दा कम विद्यार्थी संख्या भएमा उक्त विद्यालयको कक्षा घटाइ कक्षा ३ सम्म संचालन गर्ने र २ वटा शिक्षक दरबन्दी कायम गर्ने।

iii) विद्यालयमा विद्यार्थी संख्या ८१ भन्दा बढी ११० जना सम्म भएमा ४ वटा दरबन्दी कायम गर्ने।

iv) विद्यालयमा विद्यार्थी संख्या १११ जना वा सो भन्दा बढी भएमा ५ वटा शिक्षक दरबन्दी कायम गर्ने। विद्यार्थी संख्या १३१ नभएसम्म थप नगर्ने।

v) शिक्षक दरबन्दी थपघट हुँदा आधारभूत तह कक्षा (१-५) मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दिमा महिला शिक्षक नै ब्यवस्थापन हुने गरि दरबन्दी मिलान हुनेछ।

ग. आधारभूत तह (कक्षा १-८ ) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा

i) १-५ कक्षाको हकमा माथि उल्लेखित अनुसार दरबन्दी कायम गरिनेछ। र विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या वढी भएमा र माथिल्लो तहमा दरबन्दी अपुग भएमा माथिल्लो तहमा गणना गरिनेछ।

ii) कक्षा ६-८ मा न्यूनतम ३० जना सम्म विद्यार्थी संख्या भएमा ३ वटा विषयगत शिक्षक दरबन्दी कायम गरिने छ। र विद्यार्थी संख्या १२० भन्दा वढी भएमा ४ जना शिक्षक दरबन्दी कायम गरिनेछ।

iii) माथि तोकिएको भन्दा विद्यार्थी संख्या न्यून भइ विद्यालय समायोजन गर्नुपर्ने भएमा विषयगत शिक्षकहरुलाई विद्यार्थी संख्या बढी भएको अन्य विद्यालयमा मिलान गरिने छ।

vi) माध्यमिक विद्यालयको हकमा आधारभूत तहको विद्यालय समायोजन पश्चात विषयगत रुपमा दरबन्दी मिलान गरिने छ।

## परिच्छेद -३
## विद्यालय समायोजनका आधारहरू

. बालबालिकाहरुको गुणस्तरीय शिक्षा पाउनुपर्ने अधिकारलाई मध्येनजर गर्दै तपसिलका आधारमा सामुदायिक विद्यालय गाभ्ने, तह वा कक्षा घटाउने सम्बन्धमा निर्णय लिइनेछ :-

क. २ वा २ भन्दा वढी विद्यालयको पर्खाल एक आपसमा जोडिएको भएमा।

ख. २ वा २ भन्दा बढी विद्यालयको पैदल दुरी ३० मिनेट भन्दा कम भएमा।

ग. कुनै विद्यालयमा देहायको विद्यार्थी संख्या नरहेमा त्यस्तो विद्यालयलाई समायोजन, तह वा कक्षा घटाई सञ्चालनमा ल्याइनेछ।

| क्र.स | बालकक्षा | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| १ | १० | १५ | ३१ | ३० | . | |

तर नजिकको दुरीमा अर्को विद्यालय नभएको तथा अलगै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो नमा संचालनमा रहेको विद्यालय पैदल दुरी आधा घण्टा भन्दा कम भएको र कार्यविधिले तोकेको न्यूनतम विद्यार्थी ा नभए पनि विद्यालय गाभ्न बाध्य पारिने छैन।

नि. प्रमुख प्रशासकीय अधिकृत

घ. विद्यालय तह घटाउन तथा आपसमा गाभ्न तपसिलको आधारहरु लिइनेछः

i) यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक विद्यालय अर्को विद्यालयको नजिकको दुरीमा रहेर सिमित जनसङख्यालाई सेवा पुर्याएका तर आधारभूत विद्यालय ( कक्षा १-३ वा कक्षा १-५ र कक्षा १-८) का रुपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरु पनि पुरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी वा तह वा कक्षा घटाइ सञ्चालनमा ल्याइनेछ।

ii) एक विद्यालय देखि अर्को विद्यालयको दुरी पैदल यात्रा ३० मिनेट सम्म भएमा विद्यालय एकआपसमा गाभिनेछन। तर समुदायको सक्रिय सहभागिताका का साथै शिक्षक संख्या प्रयाप्त भएका र विद्यार्थीको सिकाइ गुणस्तर कायम गरिरहेका विद्यालयलाई पहिलो पटकलाई सञ्चालन गर्न दिने आगामी वर्ष सिकाइ उपलब्धि तथा अभिभावकको सहभागीता/सक्रियता कायम राख्न नसकेमा विद्यालय स्वतः तह घटाइने वा अर्को विद्यालयमा गाभिनेछ।

iii) विद्यालयको तह घटाउदा एउटा टोल वा गाँउमा एक मात्र मा.वि तथा आ.वि भएमा उक्त समुदायमा विद्यालय रहने छ तर विद्यार्थी सङख्या, शिक्ष.कको प्रयाप्तता, समुदायको संलग्नता, विद्यार्थीको सिकाइ उपलब्धि आदिको आधारमा विद्यालयको तह घटाउने तथा नजिकको विद्यालयमा गाभ्न सकिनेछ।

iv) आधारभूत कक्षा १-८ सम्म सञ्चालन भएको विद्यालय समायोजन तथा तह वा कक्षा घटाउदा कक्षा ६-८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा ३० जना विद्यार्थी नभएमा तह घटाइनेछ तर कक्षा १-८ सम्म सञ्चालन गर्न कम्तिमा ६० जना विद्यार्थी भएको हुनुपर्नेछ। भौगोलिक रुपमा ३० मिनेटको पैदल दुरी नजिक दुई वटा विद्यालय सञ्चालनमा रहेको भएका भए विद्यार्थी सङख्या बढी भएको विद्यालय कायम राखी नजिकको कम विद्यार्थी भएको विद्यालयको कक्षा घटाइनेछ।

v) एउटै टोल वा सनुदायमा दुई वा दुई भन्दा बढी आधारभूत विद्यालय कक्षा १-८ सम्म, कक्षा १-५ सम्म र कक्षा १-३ सम्मका विद्यालयहरुमा शिक्षक सङख्या, विद्यार्थी सङख्या न्युन भएमा, भौतिक निर्माण कमजोर रहेकोलाई विद्यार्थी सङख्या, शिक्षक सङख्या र भौतिकरुपमा सम्पन्न विद्यालयमा समायोजन गरिनेछ र आवश्यकताका आधारमा तह घटाइनेछ।

vi) विद्यार्थी सङख्या प्रयाप्त भएता पनि एक विद्यालय देखि अर्को विद्यालयको दुरी ३० मिनेट सम्म छ भने विद्यालय स्वतः समायोजन हुनेछ । तर बालकक्षा राख्नु परेमा बालकक्षामा १० जनाको दरले विद्यार्थी हुनुपर्नेछ।

vii) विद्यालयको तह घटाउदा कक्षा १-८ को विद्यालय सञ्चालनमा रहेको विद्यालयलाई पहिलो पल्ट एक तह घटाइ आधारभूत तह कक्षा १-५ सम्म कायम गरिनेछ र आधारभूत तह कक्षा १-५ सञ्चालन गर्न विद्यार्थी सङख्या ३१ जना हुनुपर्नेछ। यदि अर्को वर्ष पनि विद्यार्थी सङख्या बढाउन तथा सिकाइ उपलब्धि बृद्धि गर्न सकेन भने विद्यालय स्वतः तल्लो तह वा कक्षामा घटुवा हुनेछ।

viii) उपरोक्त वुँदामा जेसुकै भनेता पनि यदि कक्षा १-८, कक्षा १-५ र कक्षा १-३ सम्म सञ्चालन भएको विद्यालयमा उपयुक्त विद्यार्थी संख्या नभएका भौगोलिक रुपमा नजिक भएमा विद्यालयलाई पुरै समायोजन गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

ix) विद्यालय समायोजन तथा दरबन्दि मिलान पश्चात सञ्चालित विद्यालयले शैक्षिक गुणस्तर सुधार गरेको आधार दिएमा वा प्राप्त भएमा कक्षा थप निरन्तर गरिनेछ। तर सञ्चालित विद्यालयमा सन्तोषजनक पठन पाठन भएन र अभिभावकहरुको सक्रियता कम भएमा सो विद्यालय समायोजन तथा तह घटाइनेछ।

८. विद्यालय समायोजन एवम एकीकरण गरी नयाँ विद्यालयका सञ्चालन गर्न आधारभूत पूर्वाधार सम्बन्धी व्यवस्थाः

दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भइ स्थापना हुन जाने विद्यालयको शैक्षिक,भौतिक, आवश्यक शिक्षक संख्या तथा अन्य व्यवस्थापकिय पक्षहहरुको आधारभूत पूर्वाधार विकास गर्ने प्रतिवद्धता सहितको योजना तथा वजेट व्यवस्थापनको सुनिश्चितताको लागि देहायका पूर्वाधारहरु पुरा गर्नुपर्नेछ।

क) सामान्यतया ९ फिट उचाइ र घाम तथा पानीबाट बचावट हुने , हावा र प्रकाशको उचित व्यवस्था भएको, कक्षागत र विद्यार्थी सङ्ख्याको आधारमा सेक्सन खोल्नु पर्ने भए सोको लागि समेत पर्याप्त सङ्ख्यामा कक्षाकोठाको उपलब्धता हुनुपर्ने,

ख) कक्षागत क्षेत्रफल न्यूनतममा पनि पूर्व प्राथमिक र प्राथमिक विद्यालयको हकमा ०.७५ वर्ग मिटर तथा आधारभूत तह कक्षा ६-८ र माध्यामिक तहको लागि १ वर्ग मिटर हुनुपर्नेछ।

ग) विद्यार्थी सङ्ख्याको अनुपातमा सरल र सहजरुपमा विद्यार्थी वस्न मिल्ने फर्निचरको पर्याप्त व्यवस्था हुनुपर्ने।

घ) शुद्ध पिउने पानी तथा सरसफाइका लागि पर्याप्त पानीको प्रवन्ध भएको हुनुपर्नेछ।

ङ) छात्र छात्राका लागि सहज रुपमा प्रयोग गर्न सकिने खालका अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने।

च) शिक्षण क्रियाकलापको लागि आवश्यकिय शैक्षिक सामग्रीहरु जस्तै कालोपाटी, नक्सा, ग्लोब, गणितिय सामग्री आदिको प्रबन्ध भएको हुनुपर्ने।

छ) सम्पूर्ण विद्यार्थीहरुको लागि एकै साथ उभिने सक्ने कम्पाउण्ड हुनुपर्ने,

ज) अतिरिक्त क्रियाकलाप तथा खेलकुदको लागि भलिबल खेल्न मिल्ने सम्मको खेलमैदान सहितको खेल सामग्रीको व्यवस्था हुनुपर्ने,

झ) विज्ञान शिक्षणको लागि अत्यावश्यक विज्ञान प्रयोगशाला र उपयुक्त विज्ञान सामग्रीको व्यवस्था भएको हुनुपर्ने,

ञ) शिक्षा ऐन तथा नियमावलीले तोकेबमोजिम तहगत तथा विषयगत शिक्षकको व्यवस्था हुनुपर्ने।

## परिच्छेद -४

## कार्यक्रम कार्यान्वयनका लागि निकायगत भूमिका

कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायको भूमिका देहाय बमोजिम हुनेछः

**क) गाउँपालिकाको भूमिकाः**

१. विद्यालय समायोजन गर्ने आधारहरु समेतलाई अध्ययन गरि आफ्नो स्थानीय तह भित्र समायोजन हुन सक्ने विद्यालयहरुको पहिचान गर्ने,

२. विद्यालयको वास्तविक तथ्याङ्क तथा वस्तुस्थितिका आधारमा विद्यालय समायोजन सम्बन्धि कार्यक्रम तय गर्ने,

३. स्वीकृत मापदण्ड तथा कार्यविधि अनुसार निर्धारित प्रक्रिया अबलम्बन गरि विद्यालय समायोजन गर्ने,

४. समायोजन भएका विद्यालयहरुको भौतिक, शैक्षिक तथा अन्य व्यवस्थापकीय सुधारका लागि आवश्यक कार्य गर्ने तथा समायोजन पश्चातका गतिविधिहरुको अनुगमन गरि आवश्यक पृष्टपोषण प्रदान गर्ने।

५. विद्यार्थी, शिक्षक तथा कर्मचारी सङ्ख्या न्यून रहेको विद्यालयले समायोजन तथा एकीकरण गर्न नचाहेमा गाउँपालिकाले वडा कार्यालयको संयोजकत्वमा विद्यालय व्यवस्थापन समिति शिक्षक तथा अभिभावकहरुसँग छलफल तथा अन्तर्क्रिया गरी विद्यालय समायोजन तथा एकीकरण गर्न निर्देशन दिइ विद्यालय समायोजन, एकीकरण तथा कक्षा घटाउन सकिनेछ।

६. अन्य विद्यालयमा समायोजित भएका विद्यालयको भौतिक सम्पत्ति समायोजन पछि बन्ने विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकास सहितका प्रारम्भिक कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला,खेलमैदान,छात्रावास, विद्यालय प्रशासनिक कार्य सञ्चालन जस्ता कार्यमा उपयोग गर्ने गरि भोगचलन गर्ने व्यवस्था मिलाउनु पर्ने। सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय सञ्चालनमा उपयोग गर्न सकिनेछ। तर व्यापार व्यवसाय गरि आय आर्जन गर्ने प्रयोजनका लागि यस्ता भौतिक संरचनाहरु प्रयोग गर्न पाइने छैन तर प्रयोग गर्नु पर्ने अवस्था आए स्थानीय तहको अनुमति लिनु अनिवार्य हुनेछ।

**ख) वडा कार्यालयको भूमिकाः**

- वडा भित्रका विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा सरोकारवाला पक्षहरुसँग छलफल तथा अन्तर्क्रिया गरी समायोजन पछिको अवस्थाको बारेमा जानकारी गराई समायोजनमा जाने निर्णय लिने।
- समायोजन भएको विद्यालयको भौतिक पक्षको व्यवस्थापन के कसरी गर्न सकिन्छ विकल्पहरु पहिचान गरि उपयुक्त विकल्प छनौट गर्ने।
- समायोजित विद्यालयको भौतिक सम्पत्तिको सुरक्षा तथा व्यवस्थान गर्ने।
- विद्यालय समायोजन गर्नको लागि पालिकालाई आवश्यक सल्लाह र सुझाव दिने।

**ग) अर्को विद्यालयमा समायोजित भइ जाने विद्यालयको भूमिकाः**

कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अर्को विद्यालयमा समायोजित भइ जाने विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः

१) समायोजित भइ जाने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी तथा शिक्षाप्रेमी, जनप्रतिनिधि तथा विद्यालय बालबालिका सहितको सामुहिक भेला गरि विद्यालय समायोजनमा जाने विषयमा छलफल तथा अन्तर्क्रिया गर्ने। यस क्रममा समायोजनमा जानुपर्ने कारण, समायोजनका सकारात्मक पक्ष, समायोजन पश्चात विद्यालयको भौतिक संरचनाको प्रयोगका बारेमा छलफल तथा निर्णय गर्ने।

२) सामुहिक भेलाले गरेको निर्णय समेतका आधारमा विद्यालय व्यवस्थापन समितिले गाभिन जाने विद्यालय र कारण समेत खोली समायोजनमा जाने आधिकारिक निर्णय गर्ने।

३) आफू गाभिन जाने विद्यालयको नाम, ठेगाना तथा विद्यालय गाभ्नका लागि भएको दुवै विद्यालयको आधिकारिक निर्णय विद्यालय र कारण समेत खोली समायोजनमा जाने आधिकारिक निर्णय गर्ने,

४) आफू गाभिन जाने विद्यालयको नाम ठेगाना तथा विद्यालय गाभ्नका लागि भएको दुवै विद्यालयको आधिकारिक निर्णय सहितको जानकारी सम्बन्धित स्थानीय तहमा पेस गरि समायोजका लागि अनुमति माग गर्ने।

५) विद्यालयका सम्पूर्ण अभिलेख नगद तथा जिन्सी खाता र अन्य कागजातहरु समायोजन भएको विद्यालयमा हस्तान्तरण गर्ने।

६) उपरोक्त बुँदाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु शिक्षा ऐन, शिक्षा नियमावली, विद्यालय समायोजन कार्यविधि तथा दरबन्दी मिलान कार्यविधि बमोजिम विद्यार्थी सङख्याको अनुपातमा शिक्षक सङ्ख्या नपुगेका विद्यालयहरुलाई शैक्षिक तथ्याङ्क, सामाजिक विकास समिति वा गाउँशिक्षा समितिले स्थलगत अनुगमन गरि विद्यालयहरुलाई गाभ्न वा समायोजन गर्न सक्नेछ।

## परिच्छेदः-५

### दरबन्दी मिलान तथा विद्यालय समायोजन पछि शिक्षक व्यवस्थापन सम्बन्धमाः

१०. दरबन्दी मिलान तथा विद्यालय समायोजन पछि पुलमा रहने शिक्षक ब्यवस्थापन गर्दा लिइने आधारहरुः-

१) उपर्युक्त बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक अनुदान कोटा तथा दरबन्दीलाई गाउँ शिक्षा समितिले पुल दरबन्दीमा राखि शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालय खटाउदा सबै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई शुन्य दरबन्दी वा शिक्षक संख्या कम भएका विद्यालयहरुमा खटाइनेछ।

२) गाउँपालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा सबै भन्दा पहिले शिक्षकहरुलाई पुलमा राखि पुनर्वितरणको कार्य गर्नेछ, पुनवितरणको कार्य गर्दा स्वैच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आह्वान गर्ने र प्राप्त निवेदनको छानविन गरि उपयुक्तता समेत हेरी स्थानान्तारण गर्ने, तर त्यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला तथा अपाङ्गता भएका शिक्षकहरुलाई यथाशक्य घरपायक पर्ने गरी स्थानान्तरण गरिनेछ।

३) शिक्षक दरबन्दी कटौती गर्दा सबैभन्दा पहिले रिक्त दरबन्दी,त्यसपछि राहातकोटामा कार्यरत शिक्षक त्यसपछि अस्थायी करार शिक्षक पदमा रहेका कनिष्टतम शिक्षक र त्यसपछि स्थायी शिक्षकको कनिष्ठतम शिक्षक कटौती गरि मिलान गर्नेछ।

४) शिक्षा शाखाले गाउँशिक्षा समितिको निर्णयानुसार विद्यालयको आवश्यकता दरबन्दीको अवस्था र विद्यार्थी सङख्या हेरी विद्यालयमा खटाउने र स्नातक उत्तिर्ण शिक्षकलाई सकेसम्म आधारभूत (६-८) र माध्यामिक तह सञ्चालित विद्यालयमा पठाउने व्यवस्था गर्ने।

५) दरबन्दी मिलान तथा समायोजन कार्य गर्दा आधारभूत तह कक्षा १-५ मा बढी हुन आउने शिक्षक दरबन्दीलाई शैक्षिक योग्यता र विषय अनुसार सोही विद्यालयको आधारभूत तह तथा माध्यमिक तहमा गणना गरी समायोजन गर्ने।

६) कुनै विद्यालयको आधारभूत तहमा शिक्षक संख्या बढी हुन आएमा उक्त बढी देखिएको शिक्षक दरबन्दी आवश्यकता अनुसार दरबन्दी अपुग भएमा अन्य विद्यालयहरुमा समायोजन गर्ने।

७) विद्यालयमा शिक्षक वितरण गर्दा विद्यार्थी सङख्याको आधारमा वितरण गरिनेछ र आवश्यकता अनुसार गाउँपालिका भित्र जुनसुकै विद्यालय गएर पनि शिक्षण गर्नुपर्नेछ।

## परिच्छेदः - ६

### समायोजन पछि विद्यालयको ब्यवस्थापन

१. **समायोजन भएपछि बन्ने विद्यालय व्यवस्थापन**

१. दुई वा दुई भन्दा वढी विद्यालयहरु समायोजन भइ एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भए पछि बन्ने विद्यालयको साविकको विद्यालय व्यवस्थापन समितिले नै कार्य गर्नेछ। समायोजन कै कारण नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुने छैन।

२. दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भइ एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजन अघि बनेको विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रुपमा बहन गर्नेछ।

## परिच्छेदः – ७

## समायोजित विद्यालयको नामाकरण

१२. **समायोजन भइ बन्ने विद्यालयको नामाकरण सम्बन्धी व्यवस्थाः**

१. विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविकको नाम परिवर्तन हुने छैन ।

२. समायोजन भइसकेपछि बन्ने विद्यालय व्यवस्थापन समितिले विद्यालयको नाम परिवर्तन गर्न चाहेमा प्रचलित कानुनी व्यवस्था बमोजिम विद्यालयको नाम परिवर्तन गरिनेछ ।

## परिच्छेदः ८ - विविध

१३. कार्यविधि संशोधनः यस कार्यविधिलाई आवश्यकता र औचित्यका आधारमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१४. विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्य प्रत्येक वर्ष आवश्यकताका आधारमा निरन्तर गरिनेछ ।

१५. **बचाउः** यो कार्यविधि प्रारम्भ हुनु अघि भएका यो सम्बन्धी कार्यहरु यस अनुसार भएको मानिनेछ ।

१६. **अमान्य हुने**: यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

### शिक्षक आन्तरिक सरुवाको निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
गाउँ कार्यपालिकाको कार्यालय
ब्यासी बझाङ ।

यस गाउँपालिका अन्तर्गत संचालित... ... ... ... ... ... .. विद्यालय... ... ... ... ... .... कार्यरत ............... तह ............... श्रेणीको शिक्षक म............... ...... ...... ... ... ....लाई गाउँपालिका भित्रका शिक्षकहरुको सरुवा / मिलान / व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको बिद्यालयमा रहि कामकाज गर्ने इच्छा रहेको / पाएक पर्ने हुँदा प्रचलित ऐन / नियम / कार्यबिधि तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्ने गरी खटाइदिनहुन अनुरोध सहित यो निबेदन पेश गर्दछु ।

नाम थरः
स्थायी ठेगानाः जिल्ला गा पा वडा न
अस्थायी ठेगानाः जिल्ला गा पा वडा न
सिटरोल नः
तह /श्रेणीः विषय:-
सुरु नियुक्ति मितिः हालको पदमा नियुक्ति मितिः
मोबाइल नम्बरः
हाल कार्यरत बिद्यालयको नाम ठेगानाः
हाल कार्यरत विद्यालयमा सरुवा / पदस्थापना मितिः
आन्तरिक काज / सरुवा हुन चाहेको विद्यालयको नाम प्राथमिकताको आधारमा

| क्र स | विद्यालयको नाम | वडा न | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

नि.प्रमुख प्रशासकीय अधिकृत